# बारम्बार सोधिने प्रश्नहरू

**यदि मेरो स्वास्थ्य बीमा छैन भने मैले कसलाई सम्पर्क गर्ने?**

यदि तपाईं म्यासाचुसेट्सको बासिन्दा हुनुहुन्छ भने, तपाईंले स्वास्थ्य बीमा प्राप्त गर्न सक्नुहुन्छ वा राज्यका निम्न कार्यक्रम मार्फत आफ्नो स्वास्थ्य सेवा बिल तिर्न मद्दत लिन सक्नुहुन्छ जस्तै: मासहेल्थ, दि हेल्थ कनेक्टर, वा हेल्थ सेफ्टी नेट। प्रत्येक कार्यक्रमका फरक-फरक नियम र आय सीमा छन्। तपाईं हाम्रो वित्तीय सहायता टोलीलाई 617-665-1100 मा पनि सम्पर्क गर्न सक्नुहुन्छ। यदि तपाईं म्यासाचुसेट्सको बासिन्दा हुनुहुन्न भने, तपाईं वित्तीय सहायतालाई सम्पर्क गरेर उपलब्ध विकल्पहरूको बारेमा थाहा पाउन सक्नुहुन्छ।

**यदि म बीमा प्राप्त गर्न असमर्थ भएँ भने के मलाई नि:शुल्क हेरचाह उपलब्ध छ?**

हो, यदि तपाईंले राज्यका केही आवश्यकताहरू पूरा गर्नुहुन्छ भने नि:शुल्क हेरचाह (हेल्थ सेफ्टी नेट) उपलब्ध छ। हामी छुट भएको हेरचाह विकल्पहरू पनि प्रदान गर्दछौं, र हाम्रो वित्तीय सहायता टोलीले सेवाहरूको मूल्य कभर गर्न चिकित्सकीय कठिनाइको लागि आवेदन दिन सहयोग गर्न सक्छ।

**मैले CHA मा सेवाहरूको अनुमानित मूल्य कसरी अनुरोध गर्न सक्छु?**

बिरामीहरूले हाम्रो ग्राहक सेवा टोलीलाई 617-665-3200 मा फोन गरी अनुमानित लागत अनुरोध गर्न सक्छन्। तपाईंले माइचार्ट मार्फत पनि अनुमानित लागतको लागि अनुरोध गर्न सक्नुहुन्छ। एक पटक पेस गरिसकेपछि हाम्रो टोलीले ४८ घण्टाभित्र अनुमानित लागत सहित प्रत्युत्तर दिने छ।

**मैले आफ्नो तर्फबाट तिर्नुपर्ने (आउट अफ पकेट) रकम ठूलो छ। मैले मेरो सम्पूर्ण बिल तिर्न सकिनँ भने के हुन्छ?**

होहो, यदि तपाईंसँग बीमा नभएको कारणले गर्दा वा तपाईंको स्वास्थ्य बीमाले तपाईंको हेरचाहलाई कभर नगरेको कारणले गर्दा तपाईंको चिकित्सा बिलहरू छन् भने, तपाईं छुटको लागि योग्य हुन सक्नुहुन्छ। यदि तपाईंको बिलहरू सह-भुक्तानी, सह-बीमा, वा आफ्नो तर्फबाट तिर्नुपर्ने (आउट अफ पकेट) का लागि होइनन् र तपाईंले आफ्नो पहिलो बिलको पहिलो दुई महिना भित्र भुक्तानी गर्नुभयो वा भुक्तानी योजना सेट अप गर्नुभयो भने, हामी तपाईंको चिकित्सा बिलहरूमा २५% छुट प्रदान गर्दछौं।

**के म आफ्नो बक्यौताका लागि भुक्तानी योजना तय गर्न सक्छु?**

यदि तपाईंको बिल बीमा सह-भुक्तानी, सह-बीमा, वा कटौतीयोग्यहरूको लागि हो भने, CHA ले तपाईंलाई केहि समयमा तपाईंको मौज्दात तिर्न मद्दत गर्न ब्याजरहित भुक्तानी योजना विकल्पहरू प्रदान गर्दछ। कृपया हाम्रो ग्राहक सेवा टोलीलाई 617-665-3200 मा सम्पर्क गर्नुहोस्, वा तपाईं माइचार्ट मार्फत भुक्तानी योजनामा भर्ती हुन सक्नुहुन्छ।

**के मेरो ऋण क्रेडिट ब्यूरोमा रिपोर्ट गरिन सक्छ ?**

होइन, क्याम्ब्रिज हेल्थ एलायन्सले बक्यौता मौज्दातको बारेमा कुनै पनि क्रेडिट ब्युरोलाई रिपोर्ट गर्दैन। अस्पतालले बाहिरी सङ्कलन एजेन्सीसँग सम्झौता गर्न सक्ने भए तापनि, सङ्कलन एजेन्सीले CHA को विस्तारित अङ्गको रूपमा काम गर्दछ र हाम्रा बिरामीहरू विरुद्ध बक्यौता मौज्दातको बारेमा क्रेडिट ब्युरोमा रिपोर्ट गर्ने, कानुनी कारबाही, पारिश्रमिक गार्निसमेन्ट (रोक्का) वा बिरामीको सम्पत्तिमा ग्रहणाधिकारको आदेश जस्ता कुनै पनि असाधारण कारबाही गर्ने छैन।